# NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
# एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.

('नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको')
केन्द्रीय कार्यालय बनेपा– ८, काभ्रेपलाञ्चोक, फोन नं. : ०११–६६००३४

## कर्मचारी आवश्यकता

प्रकाशित मिति २०७९/०९/२० (4th January 2023)

एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेडको सहायक कम्पनीको रूपमा दर्ता भई नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको एक प्रतिष्ठित लघुवित्त वित्तीय संस्था हो। लघुवित्त क्षेत्रमा सबैभन्दा बढी शाखा सञ्जाल विस्तार गरी देशभरि ७४ जिल्लामा २८७ शाखा कार्यालयहरूमार्फत आफ्नो लघुवित्त कार्यक्रम सञ्चालन गरी वित्तीय पहुँच नभएको ग्रामीण क्षेत्रमा शाखाहरू सञ्चालन गरी वित्तीय सेवा सुविधा उपलब्ध गराउन महत्वपूर्ण योगदान गरिरहेको छ। यस वित्तीय संस्थाको कर्पोरेट कार्यालयका लागि देहायबमोजिमका पदहरूमा कर्मचारीहरू आवश्यक भई खुला प्रतिस्पर्धामार्फत पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तोकिएको ठेगानामा आइपुग्ने गरी दरखास्त आह्वान गरिन्छ।

| क्र.स. | विज्ञापन नं. | पद | संख्या | श्रेणी /विभाग | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| १ | २३/२०७९/०८० | **नायव प्रमुख कार्यकारी अधिकृत (DCEO)** | १ | कार्यकारिणी श्रेणी | व्यवस्थापन, अर्थशास्त्र विषयमा स्नातकोत्तर तह वा CA उत्तीर्ण गरी ५ वर्ष वा स्नातक तह उत्तीर्ण गरी ७ वर्ष लघुवित्त क्षेत्रमा व्यवस्थापकीय तहमा कार्य गरेको। (समान पदमा कार्य अनुभव भएकालाई विशेष ग्राह्यता दिइनेछ।) |
| २ | २४/२०७९/०८० | **सहायक प्रमुख कार्यकारी अधिकृत (ACEO)** | १ | कार्यकारिणी श्रेणी | व्यवस्थापन, अर्थशास्त्र विषयमा स्नातकोत्तर तह वा CA उत्तीर्ण गरी ३ वर्ष वा स्नातक तह उत्तीर्ण गरी ५ वर्ष लघुवित्त क्षेत्रमा व्यवस्थापकीय तहमा कार्य गरेको। (समान पदमा कार्य अनुभव भएकालाई विशेष ग्राह्यता दिइनेछ।) |
| ३ | २५/२०७९/०८० | **सहायक प्रबन्धक (Assistant Manager)** | १ | व्यवस्थापकीय श्रेणी /सूचना तथा प्रविधि विभाग | मान्यता प्राप्त शिक्षण संस्थाबाट BE (Electronic and communication, Computer), BCA, BIT, BSC - CSIT, BIM उत्तीर्ण वा सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण। सम्बन्धित क्षेत्रमा कम्तीमा ५ वर्षको कार्य अनुभव भएको। |
| ४ | २६/२०७९/०८० | **सहायक प्रबन्धक (Assistant Manager)** | १ | व्यवस्थापकीय श्रेणी / मानव संसाधन विभाग | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थाको मानव संसाधन विभागमा कम्तीमा ४ वर्ष कार्य अनुभव भएको (व्यवस्थापन वा कानुन विषय अध्ययन गरेकालाई विशेष प्राथमिकता दिइनेछ)। |
| ५ | २७/२०७९/०८० | **सहायक प्रबन्धक (Assistant Manager)** | २ | प्रदेश प्रमुख | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरी लघुवित्त वा सम्बन्धित क्षेत्रमा कम्तीमा ४ वर्षको कार्य अनुभव भएको तथा अधिकृत तहमा २ वर्षको र क्षेत्रीय प्रबन्धकको (Area Manager) को रूपमा कम्तीमा १ वर्षको कार्य अनुभव भएको। |
| ६ | २८/२०७९/०८० | **कनिष्ठ अधिकृत** | १ | Corporate Communication | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरी विभिन्न सरकारी गैरसरकारी संघसंस्थामा इकाइ प्रमुख भई कार्य गरेको वा बैंक तथा वित्तीय संस्थामा Corporate Communication विभागमा कम्तीमा २ वर्ष काम गरेको। |
| ७ | २९/२०७९/०८० | **वरिष्ठ अधिकृत** | १ | Social Development | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरी विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थामा सामाजिक परिचालक भई कार्य गरेको वा बैंक तथा वित्तीय संस्थामा Social Development विभागमा कम्तीमा २ वर्ष काम गरेको। |
| ८ | ३०/२०७९/०८० | **कनिष्ठ अधिकृत/ सुपरभाइजर** | ९ | आन्तरिक लेखापरीक्षण /जोखिम व्यवस्थापन विभाग | मान्यता प्राप्त संस्थाबाट ACCA परिक्षा उत्तीर्ण भएको वा Semi Qualified CA |
| ९ | ३१/२०७९/०८० | **कनिष्ठ अधिकृत/ सुपरभाइजर** | ६ | आन्तरिक लेखापरीक्षण | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरी लघुवित्त वित्तीय संस्थामा आन्तरिक लेखापरीक्षण विभाग वा अनुगमन तथा सुपरिवेक्षण विभागमा कम्तीमा ३ वर्ष काम गरेको। |
| १० | ३२/२०७९/०८० | **कनिष्ठ अधिकृत/ सुपरभाइजर** | १ | कानुन विभाग | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन विषयमा स्नातक तह उत्तीर्ण गरी वित्तीय संस्थाको कानुन विभागमा कम्तीमा २ वर्ष काम गरेको। |

**उमेरको हद :**

नायव प्रमुख कार्यकारी अधिकृत तथा सहायक प्रमुख कार्यकारी अधिकृतका लागि ३५ वर्ष पुरा भई ४५ वर्ष ननाघेको, सहायक प्रबन्धकका लागि २१ वर्ष पुरा भई ४० ननाघेको र अधिकृत पदका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको र सुपरभाइजर पदका लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको।

**परीक्षाको किसिम :**

रितपूर्वक प्राप्त दरखास्तहरूमध्येबाट छनोट सूची (Short List) मा परेका उम्मेदवारलाई मात्र अन्तर्वार्ताका लागि सम्पर्क गरिनेछ। नायव प्रमुख कार्यकारी अधिकृत र सहायक प्रमुख कार्यकारी अधिकृतको हकमा अन्तर्वार्ताका साथै व्यावसायिक योजना प्रस्तुतिको (Business Plan Presentation) माध्यमबाट छनोट गरिनेछ। कर्मचारी छनोटसम्बन्धी सम्पूर्ण अधिकार तथा निर्णय वित्तीय संस्थामा निहित रहनेछ। लघुवित्त वित्तीय संस्थाले कुनै कारण नजनाई केही वा सम्पूर्ण आवेदन अस्वीकृत गर्न सक्नेछ।

आवेदकहरूले आवेदनमा आफूले काम गर्न चाहेको पद, उमेर, अनुभव, सम्बन्धित पदका लागि तोकिएको शैक्षिक योग्यता, आफूलाई राम्रोसँग चिन्ने कुनै दुईजना व्यक्ति (Reference Person) को नाम/सम्पर्क नम्बर तथा इमेल ठेगानालगायतका विवरणहरू उल्लेख गरिएको Bio Data संलग्न गर्नुपर्नेछ।

**आवेदन दिने अन्तिम मिति : २०७९/१०/०४ (तदनुसार January 18, 2023)**
**आवेदन दिनका लागि यस एन आई सी एशिया लघुवित्त वित्तीय संस्थाको वेबसाइट**
**http://www.nicasialaghubitta.com/careers बाट आवेदन दिन सकिनेछ।**

**Corporate Office:** Banepa-8, Kavreplanchowk
Phone : 011-660034 | www.nicasialaghubitta.com

साथी सँगै सबल बन्दै